# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीवि नेपालले दिनुभएको विदाइ मन्तब्य



देशको केन्द्रीय बैंकको १६ औं गभर्नरको रुपमा २०७१ चैत ५ गतेदेखि मैले जिम्मेवारी लिएपश्चात् ५ वर्षे कार्यकालमा देशको बैंकिङ्ग क्षेत्रको सुदृढीकरण, वित्तीय स्थायित्व तथा समष्टिगत आर्थिक स्थायित्व हासिल गर्ने कार्यमा उल्लेखनीय प्रगति भएको छ । यस अवसरमा अविच्छिन्न सहयोग र साथ दिनुहुने सबैलाई हार्दिक धन्यवाद दिँदै यस अवधिमा भएका केही महत्वपूर्ण कार्यहरु संक्षेपमा जानकारी गराउन चाहन्छु ।

१. २०७२ सालमा विनाशकारी भूकम्प तथा दक्षिणी सीमा नाका अवरोधका कारण देशमा असहज अवस्था सृजना भएको थियो । भूकम्प पछिको प्रतिकूल अवस्थामा समेत बैंक तथा वित्तीय संस्थाबाट उपलब्ध हुनुपर्ने सेवाहरु नियमित गराई वित्तीय सेवा सुचारु हुने व्यवस्था गरियो ।

२. सबल वित्तीय क्षेत्रका लागि सुदृढ वित्तीय संस्थाको आवश्यकता हुन्छ भन्ने मेरो मान्यता रहँदै आएको छ । बैंक तथा वित्तीय संस्थाको वित्तीय आधार बलियो बनाउन आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमार्फत पुँजी वृद्धि गर्ने नीति लिइयो । तदनुरुप चुक्ता पुँजी वृद्धि गरी वाणिज्य बैंकहरुले रु. ८ अर्ब, राष्ट्रिय स्तरका विकास बैंकहरुले रु. २ अर्ब ५० करोड, ४ देखि १० जिल्ला कार्यक्षेत्र भएका विकास बैंकहरुले रु. १ अर्ब २० करोड, १ देखि ३ जिल्ला कार्यक्षेत्र भएका विकास बैंकहरुले रु. ५० करोड तथा राष्ट्रिय स्तरका र ४ देखि १० जिल्ला कार्यक्षेत्र भएका वित्त कम्पनीहरुले रु. ८० करोड एवम् १ देखि ३ जिल्ला कार्यक्षेत्र भएका वित्त कम्पनीहरुले रु. ४० करोड पुर्‍याउनु पर्ने व्यवस्था गरियो ।

३. बैंक तथा वित्तीय संस्थाहरुको सम्वर्द्धन र सुदृढीकरणका लागि मर्जर तथा प्राप्तिलाई समेत तीव्रता दिइयो । २०७२ असार मसान्तसम्ममा ७८ वटा बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा मर्ज भई ३० संस्था कायम भएकोमा २०७६ फागुन मसान्तसम्ममा १८७ यस्ता संस्थाहरु मर्ज भई ४५ संस्था कायम भएका छन् । फलस्वरुप, बैंक तथा वित्तीय संस्थाको संख्या २०७२ असार मसान्तमा १९३ रहेकोमा २०७६ माघ मसान्तमा १६४ मा झरेको छ ।

४. यस अवधिमा वित्तीय पहुँच अभिवृद्धि गर्न वित्तीय सेवाको विस्तारलाई समेत उत्तिकै जोड दिइयो । २०७१ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या ३७३९ र प्रति शाखाले सेवा प्रदान गर्नसक्ने जनसंख्या ७३९७ रहेकोमा ५ वर्षको अवधिमा उल्लेख्य विस्तार भई २०७६ माघ मसान्तमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या ९५५० पुगेको छ भने प्रति शाखाले सेवा प्रदान गर्नसक्ने जनसंख्या ३१०० मा झरेको छ । त्यसैगरी, सबै ७५३ वटा स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुर्‍याउने कार्यमा जोड दिइयो । फलस्वरुप, ७४६ स्थानीय तहमा वाणिज्य बैंकका शाखा पुगेका छन् । प्रदेश ५ र प्रदेश २ का सबैं स्थानीय तहमा यस्तो शाखा पुगेको छ भने प्रदेश १, गण्डकी र कर्णाली प्रदेशका १/१ स्थानीय तह तथा वागमती र सुदूर पश्चिम प्रदेशका २/२ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुग्न वाँकी रहेको छ ।

५. वित्तीय सेवामा पहुँच प्राप्त गर्नेको संख्या तीव्ररुपमा विस्तार भएको छ । बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप खाताको संख्या २०७१ चैत मसान्तमा १ करोड ४३ लाख रहेकोमा २०७६ पुसमा शतप्रतिशत भन्दा बढीले वृद्धि भएर ३ करोड ११ लाख पुगेको छ । बैंक तथा वित्तीय संस्थामा कम्तिमा एक निक्षेप खाता हुने नेपालीको संख्या ६१ प्रतिशत पुगेको छ । त्यसैगरी, ऋण खाताको संख्या २०७१ चैत

मसान्तमा १० लाख ८ हजारबाट करिब ५० प्रतिशतले वृद्धि भई २०७६ पुस मसान्तमा १४ लाख ९८ हजार पुगेकोछ । लघुवित्त वित्तीय संस्थाका सदस्यको संख्या २०७१ चैत मसान्तमा १४ लाख ७९ हजार रहेकोमा ३ गुणाभन्दा बढीले वृद्धि भई २०७६ माघ मसान्तमा ४६ लाख ४० हजार पुगेको छ।

६. वित्तीय साधन परिचालनमा उल्लेख्य विस्तार भएको छ। २०७१ चैत मसान्तमा रु. १५४१ अर्ब ७४ करोड रहेको बैंक तथा वित्तीय संस्थाको निक्षेप दुई गुणाभन्दा बढीले विस्तार भई २०७६ माघ मसान्तमा रु. ३४४३ अर्ब १९ करोड पुगेको छ भने २०७१ चैत मसान्तमा रु. १२८० अर्ब रहेको बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाह २०७६ माघ मसान्तमा रु. ३१२१ अर्ब १ करोड पुगेको छ।

७. समावेशी वित्तीय सेवालाई प्रोत्साहन गर्ने तथा पिछडिएको क्षेत्रलाई समेत वित्तीय सेवाको मूल प्रवाहमा समाहित गर्न प्राथमिकता प्राप्त क्षेत्र कर्जाको सीमा आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीतिबाट बढाएर वाणिज्य बैंकको लागि २० प्रतिशतबाट २५ प्रतिशत कायम गरियो । आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिबाट वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुले आफ्नो कुल कर्जा लगानीको न्यूनतम ५ प्रतिशत तोकिएको विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यसैगरी, २०७२ को भूकम्पपश्चात् क्षतिग्रस्त घर निर्माणका लागि काठमाडौं उपत्यकामा रु. २५ लाखसम्म र उपत्यका बाहिर रु. १५ लाखसम्मको पुनरकर्जा प्रदान गर्ने व्यवस्था गरियो। पुनरकर्जा कोषमा वृद्धि गरी रु. ५० अर्ब पुऱ्याउने व्यवस्था गरियो । साथै, यस बैंकबाट प्रदान गरिने पुनरकर्जालाई थप प्रभावकारी एवम् व्यवस्थित बनाउने उद्देश्यले हालै पुनरकर्जा कार्यविधि, २०७६ जारी गरियो।

८. संघीयता कार्यान्वयनसँगै विगतमा जिल्लास्तरका संरचनामा रहेका बैंक तथा वित्तीय संस्थाहरुलाई प्रादेशिक ढाँचामा रुपान्तरण गरिएको छ । ती संस्थाहरुको पुँजी संरचना समेत सोही अनुसार तोकिएको छ। त्यसैगरी, वित्तीय सेवालाई समेत संघीयता अनुरुप लैजान वाणिज्य बैंकहरुले प्रत्येक प्रदेशमा प्रादेशिक कार्यालय स्थापना गर्ने व्यवस्था गरिएको छ।

९. मौद्रिक नीतिको आधुनिकीकरण तथा सुदृढीकरण गर्ने क्रममा ब्याजदर करिडोर पद्धति अवलम्बन गरिएको छ । विगतमा मौद्रिक नीतिको अर्द्धवार्षिक समीक्षा गर्ने गरिएकोमा आर्थिक वर्ष २०७३/७४ देखि त्रैमासिक समीक्षा गर्ने कार्यको अभ्यास प्रारम्भ गरियो । त्यसैगरी, मौद्रिक नीति कार्यान्वयनको संचालन लक्ष्यको रुपमा बैंक तथा वित्तीय संस्थाले यस बैंकमा राखेको अनिवार्य नगद मौज्दात बाहेकको अधिक तरलतालाई लिने गरिएकोमा संचालन लक्ष्य पारदर्शी र सरोकारवालाले सजिलै बुझ्न सकिने हुनुपर्छ भन्ने सैद्धान्तिक मान्यताका आधारमा अन्तरबैंक ब्याजदरलाई मौद्रिक नीतिको संचालन लक्ष्यको रुपमा लिने अभ्यास प्रारम्भ गरिएको छ।

१०. नेपालमा विदेशी लगानीलाई सहजीकरण गर्न एकल विन्दु सेवा केन्द्रमा यस बैंकको इकाई गठन गर्ने कार्य गरिएको छ । त्यसैगरी, हेजिङ्ग सुविधा उपलब्ध गराउन हेजिङ्ग सम्बन्धी नियमावली, २०७५ तर्जुमा गरिएको छ।

११. विदेशबाट प्राप्त गर्ने ऋण तथा विदेशी मुद्रा निक्षेपमा नीतिगत सरलता अवलम्बन गरिएको छ । यसबाट लगानीको लागि वित्तीय साधनको मागमा चाप परेको समयमा थप वित्तीय साधन प्राप्त गरी कर्जा प्रवाह गर्न सकिने अवस्था हुने भएको छ।

१२. वित्तीय स्थायित्वलाई सुदृढ बनाउन संस्थागत सुशासन, BASEL III, जोखिममा आधारित सुपरिवेक्षण तथा नेपाल वित्तीय लेखामानको अवलम्बन तथा सुपरिवेक्षकीय सूचना प्रणालीको विकास गर्ने कार्य गरिएको छ।

१३. बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्नुपर्ने र यस्तो खर्चमा प्रादेशिक सन्तुलन समेत कायम गर्नु पर्ने व्यवस्था गरिएको छ। यसैगरी बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष गत आर्थिक वर्षको कुल तलब भत्ता खर्चको न्यूनतम तीन प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नु पर्ने व्यवस्था गरिएको छ।

१४. वित्तीय क्षेत्रको विस्तार तथा कारोबारका माध्यमको प्रकृतिमा आएको परिवर्तनलाई ध्यान दिंदै नेपाल राष्ट्र बैंकको संस्थागत सुदृढीकरण गर्ने कार्यमा समेत जोड दिइएको छ । यस अवधिमा भुक्तानी प्रणाली विभागको स्थापना गरिएको छ भने कर्णाली प्रदेशमा यस बैंकको कार्यालय स्थापना गरिएको छ । वित्तीय ग्राहक संरक्षण सम्बन्धी यस बैंकको संस्थागत

व्यवस्थालाई सुदृढीकरण गरी वित्तीय ग्राहक संरक्षण इकाई गठन गर्ने व्यवस्था अगाडि बढाइएको छ । भूकम्प तथा अन्य कुनै पनि प्राकृतिक विपत्तिबाट यस बैंकको तथ्याङ्कहरु सुरक्षित राख्ने गरी डिजास्टर रिकभरी साइट स्थापना गरिएको छ।

१५. भुक्तानी प्रणाली सुदृढिकरणका लागि Real Time Gross Settlement (RTGS) प्रणाली सञ्चालनमा ल्याइएको छ भने Point of Sale (POS) मेसिनमार्फत् कारोबार गर्दा अतिरिक्त शुल्क लिन नपाइने व्यवस्था गरिएको छ।

१६. २०७६ फागुन मसान्तसम्ममा ९ गैर-बैंक भुक्तानी प्रणाली सञ्चालक तथा १३ गैर-बैंक भुक्तानी सेवा प्रदायक संस्थाहरु सञ्चालनमा आएका छन्।

१७. सम्पत्ति शुद्धीकरण एवम् आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि goAML System को प्रभावकारिता अभिवृद्धि गर्न बैंक तथा वित्तीय संस्थाहरुको Core Banking Software बाट सोभै goAML Software मा विवरणहरु अपलोड गर्नुपर्ने व्यवस्था गरिएको छ। वित्तीय जानकारी इकाईले हालसम्म १५ वटा विदेशी वित्तीय जानकारी इकाईहरूसँग सूचना आदान प्रदान गर्ने समझदारी पत्र (Memoradum of Understanding- MOU) मा हस्ताक्षर गरेको छ।

१८. यस अवधिमा बैंकिङ्ग क्षेत्रको विकासमा समेत उल्लेख्य प्रगति भएको छ। भौतिक पूर्वाधारका क्षेत्रमा लगानीको आवश्यकता पूरा गर्ने उद्देश्यले पूर्वाधार विकास बैंक स्थापना भई सञ्चालनमा आएको छ।

१९. वि.सं. २०७२ सालदेखि कुनै पनि वित्तीय संस्थालाई समस्याग्रस्त घोषणा गर्नु परेको छैन। यसअघि समस्याग्रस्त घोषणा भएका १६ वटा संस्थामध्ये १२ वटा खारेजी, संस्था सुधार, एक्विजिसन आदि विधिमार्फत् रिजोलुसनमा गइसकेका छन् भने बाँकी चार संस्थाहरु रिजोलुसनको प्रक्रियामा रहेका छन्।

२०. परिवर्तित राजनीतिक एवम् संवैधानिक विकासक्रमलाई ध्यानमा राखी कानूनी तथा नीतिगत सुधारका प्रक्रिया अगाडि बढाइएको छ। यस अवधिमा नेपाल राष्ट्र बैंक ऐन संशोधन भएको छ र बैंक तथा वित्तीय संस्था सम्बन्धी नयाँ ऐन तर्जुमा भएको छ। यी ऐनहरु थप संशोधनको प्रक्रियामा अगाडि बढेका छन्। भुक्तानी फर्स्यौट ऐन तर्जुमा भई कार्यान्वयनमा आएको छ। दीर्घकालीन विकास लक्ष्यहरुसँग सामञ्जस्य हुने गरी वित्तीय क्षेत्रलाई अगाडि बढाउन वित्तीय क्षेत्र विकास रणनीति (२०७३/७४-२०७७/७८) तथा नेपाल राष्ट्र बैंकको तेस्रो रणनीतिक योजना (२०१७-२०२१) तर्जुमा भई कार्यान्वयनको क्रममा रहेका छन्। नेपाल राष्ट्र बैंकको जनशक्ति विकास योजना तर्जुमा गरिएको छ।

२१. यसबीच नेपाल राष्ट्र बैंकको भौतिक पूर्वाधार निर्माणमा उल्लेख्य प्रगति भएको छ। २०७२ बैशाखको विनाशकारी भूकम्पले ध्वस्त भएका यस बैंकका बालुवाटार तथा थापाथली स्थित भवनको निर्माण कार्य नेपाल सरकारसँगको समन्वयमा अगाडि बढाइएको छ। आगामी दुई वर्षभित्र यी भवनहरुमा कार्यालय सञ्चालन हुने विश्वास गरिएको छ।

२२. समष्टिगत आर्थिक स्थायित्व कायम रहेको छ। विगत केही वर्षयता मुद्रास्फीति लक्षित सीमाभित्र रह्यो भने विदेशी विनिमय संचिति सुविधाजनक स्तरमा नै रहेको छ। वित्तीय क्षेत्र सुदृढीकरण हुने क्रमसँगै ब्याजदर स्थायित्व कायम भएको छ र वित्तीय साधन राष्ट्रिय प्राथमिकताका क्षेत्रमा उल्लेख्य परिमाणमा प्रवाह भएको छ। वित्तीय साधनको कुशल परिचालनसँगै विगत ३ वर्षमा औसत ७.३ प्रतिशत आर्थिक वृद्धिदर हासिल भएको छ।

२३. मेरो ५ वर्षे कार्यकालमा बैंकको उद्देश्य प्राप्तिमा खटिनु भएका बैंक सञ्चालक समितिका सदस्यज्यूहरु, उच्च व्यवस्थापन तथा कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। बैंकको कार्य सम्पादनको सिलसिलामा महत्वपूर्ण सहयोग पुऱ्याउने नेपाल सरकार, अर्थ मन्त्रालय लगायत अन्य निकायहरू, बैंक तथा वित्तीय संस्थाहरू, अन्तर्राष्ट्रिय दातृ निकायहरू, सञ्चार माध्यम तथा शुभेच्छुकहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु।

**२०७६ साल चैत ४ गते, मंगलबार** **गभर्नरको कार्यालय**